म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४३ मंगलबार ८ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 23 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

सुर्तीजन्य पदार्थको सेवनले:
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक आर्थिक वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा सोमबार रोकिएको मुख्यमन्त्रीमा लामाको दाबी पेश आज

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ बागमती प्रदेशमा नेकपा एमालेभित्रको आन्तरिक समस्या र दुई सत्तारुढ दल नेपाली कांग्रेस र एमालेबीचको मन्त्रालय भागबण्डाले सोमबार रोकिएको मुख्यमन्त्रीको दाबी पेश आज मंगलबार हुने भएको छ ।

एमालेभित्र मन्त्रीहरुको टुंगो नलाग्दा र कांग्रेससँग मन्त्रालय भागबण्डामा सहमति हुन नसकेपछि सोमबार बिहान प्रदेशप्रमुखको कार्यालयमा पुगेर दाबी पेश गर्ने पूर्वनिर्धारित योजना एकाएक रोकिएको हो । कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामाले प्रदेशप्रमुख कार्यालयमा दावी पेश गर्ने तयारी थियो ।

प्रदेशप्रमुख यादवचन्द्र शर्माले ८ साउन ५ बजेभित्र संविधानको धारा १६८ (२) अनुसार बहुमतको सरकार गठनका लागि आइतबार आह्वान गरेका थिए । एमालेका दलका नेता जगन्नाथ थपलिया आकस्मिक कामले काठमाडौं हिँडेका थिए । उनी एमालेभित्रको मन्त्रीहरुको टुंगो लगाउन पार्टी नेतृत्वसँगको छलफलका लागि सोमबार नै काठमाडौं हिँडेको बुझिएको छ । उनीसँगै एमालेका अन्य प्रदेश सांसदहरु पनि काठमाडौं पुगेका थिए ।

थपलियाले आफूलाई पार्टीबाट आकस्मिक रुपमा बोलाएकाले काठमाडौं जानुपर्ने बारे जानकारी गराएपछि सोमबारका लागि दावी पेश रोकिएको नेता लामाले जानकारी दिए । एमालेले मागेको ७ वटा मन्त्रालय दिन कांग्रेस तयार नभएपछि भागबण्डामा सहमति हुन सकेको थिएन । कांग्रेसले ६ वटा मन्त्रालय दिन प्रस्ताव गरेको एमालेका एक सांसदले बताए । 'कांग्रेसले मुख्यमन्त्री, भौतिक मन्त्रीसहित ठूला मन्त्रालय पनि लिने भएपछि एमालेलाई सातवटा मन्त्रालय दिन भनिएको हो । मन्त्रालयको न्यायोचित बाँडफाँट हुनुपर्छ ।,' ती सांसदले भने ।



कांग्रेसका प्रमुखसचेतक गोविन्द लम्सालले भने मन्त्रालय भागबण्डामा धेरै मतभेद नरहेको बताए । उनले २ मन्त्रालयको हकमा भागबण्डा नमिलेको बताउँदै दुवै दलका नेताले यसलाई टुंग्याउने बताए । नयाँ बन्ने मुख्यमन्त्री लामाले एकैपटक सबै मन्त्रीको शपथग्रहण गर्ने गरी तयारी अगाडि बढाउन सत्तारुढ दलको छलफलको क्रममा प्रस्ताव राखेका थिए । त्यसपछि दुवै दलले मन्त्रीको सूचीलाई अन्तिम रुप दिएपछि विवाद देखिएको हो । दुवै दलबीच आइतबार राति हेटौंडास्थित एक होटलमा बैठक बसेर मन्त्रालयको भागबन्डा विषयमा छलफल भएको थियो ।

लामालाई आइतबार हेटौंडामा बसेको संसदीय दलको बैठकले मुख्यमन्त्रीमा अगाडि बढाउने सर्वसम्मत निर्णय गरेको थियो । दाबी पेशका लागि कांग्रेस र एमाले सांसदसको हस्ताक्षर संकलन कार्य भइसकेको छ । प्रदेशसभामा कांग्रेसको ३७ र एमालेको २७ जना सांसद छन् । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको बहुमत आवश्यक पर्छ ।

बागमतीमा पहिलोपटक नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन हुने भएको छ । संघीयता लागू भएसँगै बागमतीमा चारजना मुख्यमन्त्री बने पनि कांग्रेसको नेतृत्वमा सरकार बन्न सकेको थिएन । मुख्यमन्त्री बन्न लागेका कांग्रेस संसदीय दलका नेता लामा २०७९ मंसिर ४ मा सम्पन्न आमनिर्वाचनमा नुवाकोट २ (२) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । अधिकांश समयमा प्रमुख प्रतिपक्षी बेन्चमा बिताएको कांग्रेस सदनको पहिलो ठूलो दल हो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशप्रमुख शर्मालाई राजीनामा बुझाएसँगै बागमतीमा नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढेको हो । उनले आइतबार प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै नयाँ सरकार गठनको लागि मार्ग प्रशस्त गर्ने घोषण गरेसँगै प्रदेशप्रमुख कार्यालय पुगेर शर्मालाई राजीनामा बुझाएका थिए । शर्माले जम्कट्टेललाई अर्को सरकार गठन नभएसम्मका लागि संविधानको धारा १६९ को उपधारा (३) बमोजिम कामचलाउ सरकारको रुपमा कार्य सञ्चालन गर्न अनुमति दिएका छन् ।

# मन्त्री मोक्तान कार्यकालको उपलब्धी सार्वजनिक

भावना रिजाल

हेटौंडा, ७ साउन/ बागमती प्रदेश, सामाजिक विकास मन्त्री कुमारी मोक्तानले आफ्नो कार्यकालमा भएको महत्वपूर्ण उपलब्धि समेटिएको पुस्तक सार्वजनिक गरेकी छन् ।

मन्त्री मोक्तानले सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत् कार्यकालमा भएको मुख्य-मुख्य कार्य विवरण समेटिएको पुस्तक सार्वजनिक गरेकी हुन् । सार्वजनिक पुस्तिकामा मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने शिक्षा, गरिबी निवारण, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा, सीपमूलक तालिमको विषयमा भएको कार्य समेटिएको छ । यसैक्रममा उनले आफ्नो कार्यकालमा शिक्षाक्षेत्र सुधारमा उल्लेखनीय प्रगति भएको दाबी गरिन् ।

यसैगरी, प्रदेशका ३५ वटा स्थानीय तहसँगको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको पनि उनले बताइन् । चेपाङ समुदायको उत्थानका लागि प्रदेशका ६ वटा स्थानीय तहमा चेपाङ, चमेरो र च्यूरी संरक्षण कार्यक्रम सुरु भएको उनको



भनाई छ । उनी दोश्रो कार्यकालमा २०७९ माघ ११ गतेदेखि २०८१ साउन ६ गतेसम्म मन्त्री बनेकी थिइन् । उनी नेकपा माओवादीको तर्फबाट सरकारमा सहभागी भएकी हुन् ।

बाल सूधारगृहका ९० जना बालबालिकालाई जीवनपयोगी सीपयुक्त तालिम, स्थानीय तहका महिला तथा बालबालिका शाखाका जनशक्तिको लागि अभिमुखीकरण तथा समीक्षा कार्यक्रम गरिएको मन्त्री मोक्तानले बताइन् ।

खेल क्षेत्रमा रंगशाला निर्माण, अन्तरप्रदेश खेलकुद प्रतियोगिता, खेलाडी सम्मान तथा नयाँ खेलाडी उत्पादन जस्ता कार्य सम्पन्न भएको मन्त्री मोक्तानको दाबी छ ।

प्रदेशका ५० वटा सामुदायिक माध्यमिक विद्यालयमा बस खरिदमा सहयोग, ७७ वटा सामुदायिक माध्यमिक विद्यालयमा एक-एक जना मावि शिक्षक बराबर अनुदान प्रदान, १३ वटा सामुदायिक विद्यालयमा पुस्तकालय निर्माण, ३६ वटा सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रमलाई प्रगति विवरण समावेश गरिएको छ ।

# अख्तियार हेटौंडाद्वारा घुस सहित लेखाअधिकृत पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको टोलीले घुस रकमसहित एक लेखाअधिकृतलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चितवनको भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा कार्यरत लेखाअधिकृत अमृता कोइराला रहेकी छिन् । टोलीले उनलाई भरतपुर महानगरपालिका-४ कटहर चोकबाट सेवाग्राहीसँग लिएको एक लाख ५० हजार रुपैयाँ नगद र चार लाख ५० हजार रुपैयाँको चेकसहित नियन्त्रणमा लिइएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

लेखाअधिकृत कोइरालाले औषधि आपूर्तिको बिल भुक्तानी दिएवापत सेवाग्राहीसँग घुस माग गरेको भन्ने उजुरीका आधारमा टोली परिचालित भएको जनाइएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७



साझाकुरा

## हाम्रो कुरा

# एकद्वार संकट व्यवस्थापन

हेटौंडा अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन प्रणाली (ओसीएमसी)बाट २९४ जना पीडित महिला तथा पुरुषले सेवा लिएका छन् । बिशेष गरी घरेलुहिंसामा परेका महिलालाई उद्दार तथा उपचारात्मक सुविधाका लागि एकद्वार संकट ब्यवस्थापन कार्यक्रम लागू गरिएको हो । यो कार्यक्रम निकै प्रभावकारी मानिन्छ । हिंसामा परेका महिलाले आफ्नो पीडा जोसुकै व्यक्ति वा निकायमा ब्यक्त गर्न सक्ने अवस्था नहुने भएका कारण अस्पतालमै यो कार्यक्रम संचालन गरिएको थियो । १२ वर्षअघि स्थापना गरिएको यो कार्यक्रमलाई हेटौंडा अस्पतालमा प्रभावकारी रुपमा कार्यान्वयन भएको समाचार आएको छ । स्थापना भएको वर्ष ६८ जनाले सेवा लिएको ओसीएमसी प्रभावकारी बन्दै गइरहेको छ । पीडित महिलाका लागि सहारा बन्दै गइरहेको ओसीएमसीले गत आर्थिक वर्ष २०८०/८१ मा २ सय ९४ जना पीडित महिलालाई सेवा प्रदान गरेको हो । सेवा लिनेमध्येमा १२ जना पुरुष पनि थिए । २०६८ सालमा हेटौंडा अस्पतालसहित मुलुकमा ५ वटा अस्पतालमा ओसीएमसी सेवा संचालन सुरुवात गरिएको थियो ।

ओसीएमसीले यौनजन्य र घरेलुहिंसामा परेका महिलालाई औषधिउपचार, कानूनी कारबाहीमा सहयोगसँगै परामर्श र मनोबल बढाउने कार्य गर्दै आएको छ । २४ घन्टा खुला हुनुपर्ने र सेवा पनि दिनुपर्ने भएकाले जनशक्तिको अभावले गर्दा ओसीएमसीका कर्मचारीलाई समस्या भएको ओसीएमसीले उल्लेख गरेको छ । कार्यालयमा ३ जनामात्र कार्यरत छन् । जनशक्तिको अभावले गर्दा सेवाप्रदान गर्न समस्या भइरहेको ओसीएमसीकीले जनाएको छ । पर्याप्त जनशक्ति ब्यवस्थापन गर्ने हो भने हिंसामा परेका महिलाले न्याय र उपचार दुबै सहज रुपमा पाउन सक्छन् । महिलाको तुलनामा पुरुषमाथिको हिंसाको प्रतिशत न्यून छ । पछिल्लो समय पुरुषमाथि पनि हिंसा हुन थालेको छ । कुनैपनि परिवारमा हिंसा हुनु राम्रो होइन । परिवारमा होस वा समाजमा मेलमिलाप भएको अवस्थामा मात्र मुलुक समृद्ध बन्नेछ । हिंसा र अपराधका घटनाले मुलुकलाई समृद्धिको बाटोमा अगाडि बढ्न बाधा पुर्नईरहेको हुन्छ । मकवानपुरका बिभिन्न ग्रामीण क्षेत्रमा बढी हिंसा भएको तथ्यांकले देखाएको छ । ग्रामीण क्षेत्रमा अशिक्षाका कारण बढी हिंसाका घटना भएका छन् । पछिल्लो समयमा बैदेशिक रोजगारीले पनि समाजमा बिचलन पैदा गरिरहेको छ । त्यही बिचलन हिंसामा परिणत भएको पाइन्छ । मुलुकका बिभिन्न अस्पतालका स्वास्थ्यकर्मीसमेत हेटौंडा अस्पतालको बिगत १३ वर्षदेखि सञ्चालित ओसीएमसीमा अवलोकनका लागि आउने गरेको अस्पतालका डा.रामचन्द्र सापकोटाले बताएका छन् ।

स्वास्थ्य विभाग र मन्त्रालयले पनि हेटौंडाकै ओसीएमसीलाई अवलोकनका लागि सिफारिस गर्ने गरेको छ । ओसीएमसीले सञ्चालन गरेका सेवा मुलुकभरमै उत्कृष्ट भएकाले अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मी यहाँ अवलोकन गर्न आउने गरेका हुन् । गत आवमा भरतपुर, सिन्धुली अस्पताललगायतका स्वास्थ्यकर्मीको टिम अवोलकनका लागि यहाँ आएका थिए । पीडित महिलाको निम्ति ओसीएमसी भरोसाको केन्द्र बनेको मकवानपुरका प्रहरीले जनाएको छ । यौनजन्य र घरेलुहिंसामा परेका महिलाले औषधिउपचार र कानुनी उपचार पाउँदै आएका छन् । एकद्वार संकट व्यवस्थापन कार्यक्रमलाई थप ब्यवस्थित गरी संचालन गर्ने सवालमा स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ९ गते बुधबार २४ जुलाई २०२४ । तृतीया, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# किन हुन्छ संविधानमाथि आक्रमण ?



✍ गौरीप्रसाद दवाडी

नेपालको संवैधानिक विकासक्रम २००४ सालबाट शुरु भएको हो । त्यसपछि क्रमश: २००७, २०१०, २०१९, २०४७, २०६३ र २०७२ गरी सातपटक संविधान लेख्ने काम भए । राज्यसत्ता आफ्नै पहुँचमा लिने गरी पटक-पटक संविधान संशोधन पनि भए । हरेक संवधानअनुसार राज्य व्यवस्था सत्ताधारीका लागि बनेको भन्ने कुरा ती समयमा गरेका राज्य सञ्चालन प्रक्रियाबाट प्रस्ट हुन्छ ।

संविधानमुताबिक जनताको जनजीविकाका सम्बन्धमा सम्बोधन भाषणमा मात्र पाइन्छ । निम्नस्तरीय जनताका लागि आश्वासन र अलमल्याउनेबाहेक व्यवहारमा परिवर्तन नआएको विश्वपरिवेशमा देशको गरिबी र मुलुकको आय एवं बजार घाटाले प्रस्ट पार्दछ । जनताको निराशामा केही होला कि भन्ने आशाको त्यान्द्रो सधैँ रहिरह्यो । तर विज्ञानको प्रयोग गर्दै, प्रलोभनको रोटी सेकाउँदै र विभिन्न हतकण्डा अपनाउँदै संविधानमाथि नै आक्रमण गरी सत्ताको भऱ्याङ बनाउने परम्परा नेपाली राजनीतिको संस्कार बनिसकेको छ ।

यही परिदृश्य अहिले पनि छर्लंग भएको छ । परिवर्तनकारी शक्ति राजनीतिक परिवर्तनको स्वाद चाखेर सत्तामा रजाइँ गर्दै जनतामा असन्तुष्ट पैदा गरिरहेका छन् । यता जनता निराश छन् । परिवर्तनकारी शक्तिले जनताको नजरमा अनैतिक, भ्रष्ट, निस्कामी हुन् भन्ने मानसिकता बनाएका छन् । पुनरुत्थानवादीहरु पहिलेकै पद्धतिको वकालत गर्दै निराश जनताको भावनामा खेलिरहेका छन् । अर्का नयाँ राजनीतिज्ञहरु पनि प्रपोगण्डासँग जनताको आशा-भरोसाका पात्र बनिरहेछन् । तर उनीहरुको राजनीतिक भिजन र मिसन भनेकै अरुले गर्न सकेनन् भने हामी गर्छौं भन्ने हो ।

यसरी जनता विभाजन हुनुमा जनताको सामुन्ने देखाएका महत्वाकांक्षा र गरेका बाचा पूर्ण गर्नुको सट्टा सत्ताधारीका गैरसंवैधानिक चरित्र र आचरण नै हो भन्ने ठोकुवा गर्न सकिन्छ । संविधान फालेर नै सत्ता प्राप्ति गरेकाले अहिले परिवर्तन गर्छु भन्नेको निशाना पनि २०७२ को संविधानसभाले बनाएको संविधानमाथि नै छ । यो व्यक्तिले गरेको गलत व्यवहार ती व्यक्तिउपर नभई संविधानमाथि छ । संविधान जस्तो बने पनि यसका प्रयोगकर्ता जनतादेखि नेतासम्म नै हुन् । संविधान बदलिएर पनि हाम्रो मानसिकता नबदलिने रहेछ भन्ने कुरा पनि हामीले देखिसकेका छौं । भोट हाल्ने जनता र सत्ता चलाउने नेता यिनै हुन् भन्ने पनि बिर्सनुहुँदैन ।

विश्वमानचित्रमा हेर्ने हो भने, सबै किसिमका राजनीतिक प्रणाणीले देश विकास गरेका छन् । लोकतान्त्रिक हुन्, समाजवादी हुन्, साम्यवादी हुन्, सैनिक शासक या राजतन्त्र नै किन नहोस्, सबै खाले प्रणाणी अपनाएका देश धराशायी पनि भइरहेका छन् । अराजकताको हिम्सा पनि सबै प्रणाणीमा देखिन्छ । जहाँ सिस्टम अपनाएर देश र जनताका पक्षमा काम गरे, ती देशले उन्नति गरे । जहाँ सत्ता केन्द्रित, स्वार्थ केन्द्रित राजनीति भए, ती पछि परेका छन् । यसबाट देशको विकास दूरदर्शिता भएका व्यक्तिले गर्ने, राजनीतिक अठोटले गर्ने, देश चलाउनेको नैतिकताले गर्ने हो भन्ने प्रस्ट हुन्छ । तर हामीकहाँ व्यक्तिले गर्न नसकेको कर्मलाई निरीह संविधानमा जोडिन्छ । संविधान विघटनको माग गरेर सत्ताको भऱ्याङ चढ्ने चक्रव्यूह रचिन्छ । संविधान फाले पनि घुमिफिरी सत्ताको हालिमुहालीमा पुग्नेहरु उही प्रक्रियामा लागेको हाम्रा सातपटक लेखिएका संविधानपछि चलेका आचरण र व्यवहारले देखाउँछन् । हरेकपटकका राजनीतिक परिवर्तनपछि आएका नेताले नैतिकता गुमाउँदै जानु, स्वार्थको राजनीति फस्टाउनु, जनताको पक्षमा काम गर्न नसक्नु/नचाहनु, नातावाद, फरियावाद, परिवारवाद, आफन्तवाद, गुट विषेशलाई ओहोदामा पुऱ्याउनु नै अहिलेको अस्थिरताको जड हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागू भएपछि जनतामा केही आशा पलाएको हो । महत्वपूर्ण विषय यो संविधानले नागरिकका समस्या समाधान गर्न मैलिक हकको व्यवस्था गरेको छ तर यसको कार्यान्वयन शून्य भएको छ ।

जनताका नाउँमा जारी भएको यो संविधानले जनताको आशा पलायो । समृद्ध नेपाल सुखी नेपालीका नारामा विश्वास गरी उत्साहका साथ जनताले एमाले-माओवादी मिलेको कम्युनिस्टलाई झन्डै दुई तिहाइ मत दिएर विजयी बनाए । जनतामा कम्युनिस्टप्रति मोह जाग्यो, सरकार बन्यो । त्यो सरकारको प्रमुख काम नै संविधान कार्यान्वयन थियो तर जनताका पक्षमा बनेको संविधान कार्यान्वयनमा कुनै वास्ता गरिएन । आन्तरिक विरोध, सत्तासंघर्ष, सत्ता खोस्ने/जोगाउने झगडामा दुई तिहाइ सरकारले झन्डै साढे तीन वर्ष व्यतीत गऱ्यो । संघीय कानुनहरु बनेनन् । कानुनको अभावमा प्रदेश सरकार संधीय सरकारको मातहतमा रहेजस्तै बनाइयो । संघीय सरकारमा हेरफेर हुनासाथै प्रदेशमा समेत अस्थिर हुने वातावरण तयार हुँदै गयो । संविधानले स्थापित मौलिक हक कानुनको अभावमा प्राप्त हुन नसकेको मात्र हैन, व्यवहारमा पनि देखिएन । पञ्चायती सरकारकै निरन्तरता जस्तो सरकारले तानाशाही रुप देखउँदै, ठूला-ठूला भष्टाचार काण्डहरु गर्दै दुई-दुईपटक संसद् विघटन गऱ्यो । लोकतन्त्रमा नै खतरा देखेपछि माओवादी घटकले सरकार छाड्यो । नेकपा एमाले फुट्यो । पार्टी फुटेर ओली सरकार ढल्यो ।

यो घटनाले कम्युनिस्टमाथि जनताको आशा, भरोसा टुट्यो । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बने । देशमा पुन: तीनै तहको निर्वाचन भयो । निर्वाचनपश्चात् बनेको दाहाल-देउवा गठबन्धन सरकारको अवस्था पनि नाजुक र सत्ता केन्द्रित हुनमै सीमित भयो । यो सरकारले पनि जनताको अवस्था सुधारभन्दा अन्य ममलामा पपुलर हुन खोजेको र जनतामा आशा मात्र बाँडेर दोस्रोपटक स्थिर सरकार दिने बाचाले निर्वाचन सम्पन्न गऱ्यो । निर्वाचन साझेदार माओवादी निर्वाचनको आफ्नै प्रतिद्वन्द्वी एमालेसँग मिलेर सरकार बनायो । पुष्पकमल दाहालको सरकार बन्यो । भ्रष्टाचार अन्त्यको नारा सुनियो । भष्टाचार, तस्करको टुप्पो समातेको छ तर जरा भेट्न सकेको छैन । उल्टै सहमतीय भ्रष्टाचारको आरोप खेपेको छ । जनताको आक्रोश कम गर्न सकेको छैन । संघीयता लागू गर्ने दत्तचित्तता केही देखिँदैन । जनताको जीवनस्तर उकास्ने भन्दा भ्रष्टाचार गरी आर्थिक डामाडोलतर्फ लक्षित गठबन्धनका नाममा दुवै घटक आ-आफ्ना पार्टीका तानाशाह भएका छन् । कार्यकर्ता दुवै पार्टीका रुष्ट छन् ।

अहिलेको अवस्थामा जनताको नजरमा नेता खराब हुन् भन्ने मनोविज्ञानको प्रमुख कारण नै संघीय कानुन नबन्नु हो । संघीय कानुन नबन्नाले प्रदेशहरु सरकारको शाखाको रुपमा छन् । संविधानसम्मत शान्ति सुरक्षाको जिम्मा अझै संघीय सरकारमा निहित छ । प्रदेश तथा स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न पाएका छैनन् । सिंहदरबार घरघरमा पुऱ्याउने नारा प्रदेशसम्म पनि पुगेको छैन । गाउँपालिका (हालका वडा) मा रहेका अधिकार उल्टो पालिकामा पुगेर जनताले दु:ख बेहोरिरहेका छन् । संविधानमा उल्लेख भएका मैलिक हक कार्यान्वयन नहुनाले जनताले पाउने हक कुण्ठित बनाइएको छ । यी सब कारणले सरकार निकम्मा साबित भइरहेछ ।

कानुनबेगर जनताका मौलिक हक कुनै कार्यान्वयन हुन सकेका छैनन् । अनिवार्य आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, नि:शुल्क स्वास्थ्य उपचार, श्रमको ग्यारेन्टी, सीपयुक्त वैदेशिक रोजगार, मानवअधिकारको ग्यारेन्टीजस्ता जनजीविकासँग जोडिएका विषयहरु कानुनबेगर लागू हुन सक्दैनन् । यिनै कुराले गर्दा जनतामा नैराश्यता उम्लिरहेछ । यसको प्रमुख कारण नै जनता विमुख सरकार रहनु हो । हरेक नियुक्तिमा सरकार आलोचित छ । यसको परिणाममा शुभ संकेत छैन । संविधान विकासको साध्य हो, साधन होइन । यसको मार्गनिर्देशनमा तीनै तहका सरकारहरु, प्रतिपक्ष, सबै संवैधानिक निकाय र आमजनतासमेत लाग्नु जरुरी छ ।

यसका लागि संविधान अक्षरश: पालना गरी कार्यान्वयन हुनुपर्दछ । संविधान कार्यान्वयन हुन सकेन भने, नीति-कार्यक्रम, बजेट बनाउँदा संविधानसम्मत हुन सकेन भने जनताले मौलिक हक, संविधानप्रदत अधिकार पाउन नसकेर नकारात्मक स्थिति पैदा हुनु स्वाभाविक हुन्छ । अहिले कांग्रेस-एमाले गठबन्धनको सरकार बन्दा देश पुन: तरंगित भएको छ । गठबन्धनका एजेन्डामध्ये प्रमुख एजेजेन्डा संविधान संशोधन छ । जबकि कार्यान्वयन नै भइनसकेको संविधानको संशोधनको औचित्य के ? भन्ने विषयमा प्रश्न उठेको छ । यसको लठैत जवाफ दिनेबाहेक गठबन्धनका दलसँग जवाफ दिन सक्ने सामर्थ्य छैन ।

जनताका पक्षमा, देशको पक्षमा काम गर्न नसक्ने अनि दोषचाहिँ आफैँले वनाएको संविधानलाई दिनुको कुनै आधार छैन । संविधानले दिएको मौलिक हक कार्यान्वयन भएर जनताका जनजीविकामा सहजता आएको भए सडकमा आक्रोश देखिने थिएन । संवैधानिक निकायका कानुन बनेर कार्यान्वयनमा आएका भए विभेदको धुवाँ मत्थर भएर निभ्ने अवस्थामा पुग्ने थियो । राजनीतिक दलहरुले संविधानको जनमुखी धारा नै प्रयोग नगरी संशोधनको कुरा उठाउनु कुनै अर्थ छैन, राजनीतिक समाधान छैन ।

सरोकार पक्षले संविधान अनुकूल काम नगरेर नै यसभन्दा अघिसम्म बनेका नेपालका संविधान फारिएका हुन् । यो संविधान पनि जसले बनायो उसैबाट विकृत बनाइँदै छ । निरीह संविधानप्रति दोष थोपरेर नेताहरु आफ्नो अनुकूल शासन लम्ब्याई सत्तामा लिप्सिरहने खेल संविधान संशोधनबाट हुने खतरा देखिएको छ ।

जनभावना विपरीतको वर्तमान अवस्था लम्बिँदै गयो भने सम्पूर्ण अराजक शक्ति संविधानको खिलाफमा लाग्नेछ । आशामुखी जनता पनि पछि लाग्नेछन् । यस अवस्थामा सरकार एक्लिँदै जानेछ र अराजक शक्तिको उदय हुनेछ । यसको शुरुवात देखा परिसकेको छ । अब नेताहरु नसच्चिए संघीय लोकतान्त्रिक गणतन्त्र नै समाप्त हुनेछ । नेतामा परिवर्तन र संविधानको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो, संविधान संशोधन होइन ।

*(साभार: नेपाल समाचार-पत्र)*

# एकै विद्यालयमा अनेक थरिका शिक्षक : बढ्दो असन्तुष्टि र निराशा

✍ इन्दिरा बस्नेत

जंगबहादुर राणाले सन् १८५३ मा बेलायत भ्रमण गरेपछि नेपालमा आधुनिक विद्यालय शिक्षाको सुरु भएको देखिन्छ । तर, त्यो राणा परिवारका भाइ भारदारका छोराछोरीका लागि सीमित थियो । सार्वजनिक शिक्षाको विस्तार भने २००७ सालमा राणा शासनको अन्त्यपछि मात्र भएको थियो । राष्ट्रिय शिक्षा पद्धति लागु भएपछि २०२८ सालमा "शिक्षा ऐन" आयो । सँगै शिक्षामा पहुँच विस्तार गर्न र गुणस्तर वृद्धि गर्न अनेक परियोजना पनि आए । तैपनि पञ्चायती व्यवस्थाको अन्त्यसम्म आइपुग्दा प्राथमिक तहको विद्यालय भर्ना दर ३७ प्रतिशत र साक्षरता दर ३८ प्रतिशतभन्दा बढ्न सकेन ।

विसं २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यसँगै देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुरु भयो । राष्ट्रिय शिक्षा आयोगहरू गठन गरी शिक्षामा थप सुधारका लागि दातृ निकायहरूसँग मिल्दै काम भए । जसमा सबैका लागि शिक्षा, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास कार्यक्रम, शिक्षाका लागि खानाजस्ता विभिन्न कार्यक्रम लागु गरियो । राजनीतिक परिवर्तन, आन्तरिक द्वन्द्व, आर्थिक तथा भौतिक पूर्वाधारहरूका कमी हुँदा पनि पहुँच, सहभागिता र लैङ्गिक उपस्थिति लगायतको दृष्टिले हेर्दा २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा सार्वजनिक शिक्षामा राम्रा उपलब्धि हासिल भएका छन् ।

राष्ट्रिय जनगणना, २०७८ सम्म आइपुग्दा देशका ५ वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसंख्याको साक्षरता दर ७६.३ प्रतिशत पुगेको छ । तीमध्ये पुरुषको साक्षरता दर ८६.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत छ । तर २००७ सालबाट सुरु भएको औपचारिक शिक्षाको विकास संघीय लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि अपेक्षाकृत अघि बढ्न भने सकेको छैन । शिक्षा मन्त्रालयको तथ्याङ्कअनुसार, २०७१ सालमा कक्षा १ मा भर्ना भएका कुल विद्यार्थीमध्ये २०८० सालको एसईई परीक्षामा ३६ प्रतिशत विद्यार्थीमात्र सहभागी भएका थिए भने विद्यालय शिक्षाको सिकाइको परिणाम पनि ५० प्रतिशत जति मात्रै छ ।

**संवैधानिक र कानुनी अधिकार तथा भूमिका**

नेपालको संविधान २०७२ लागु भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी राज्यमा तीन तहको सरकारी सरंचना कायम गरिएको छ । पुरानो एकात्मक शासन व्यवस्थाबाट नयाँ संघीय शासन व्यवस्थामा गएसँगै विगतमा केन्द्र सरकार मातहत रहेको विद्यालय शिक्षाको संचालन र व्यवस्थापन हाल स्थानीय सरकारको एकल अधिकारभित्र पुगेको छ । यसरी विगतमा जिल्ला शिक्षा कार्यालयमार्फत व्यवस्थापन, अनुगमन र नियमन हुँदै आएका सामुदायिक र संस्थागत विद्यालयहरू अब स्थानीय सरकारका शिक्षा शाखामार्फत अनुगमन र नियमन भइरहेका छन् । कक्षा ८ को जिल्लास्तरको परीक्षाको संयोजन, व्यवस्थापन र संचालन पनि स्थानीय सरकारमार्फत नै भइरहेकोले संस्थागत विद्यालयहरू समेत स्थानीय सरकारसँग जोडिन पुगेका छन् ।

नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा सुनिश्चित गर्दै संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । संविधानको यसै धाराले अपांगता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई नि:शुल्क उच्च शिक्षा पाउने हक प्रदान गरेको छ । दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषामा नि:शुल्क र प्रत्येक नेपालीलाई कानुनबमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने हक समेत सुनिश्चित गरेको छ ।

गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची - ८ मा उल्लेख गरिएको छ । उक्त अनुसूचीमा उल्लेख भएबमोजिम देशको संविधानले प्रदान गरेको आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको हक सुनिश्चित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ (ज) मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न अधिकारहरू स्थानीय सरकारलाई प्रदान गरेको छ ।

यसरी देशको मूल संविधान र स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएबमोजिम आधारभूत र माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार स्थानीय सरकारमा आएको छ । यसै अधिकारअन्तर्गत विद्यालयहरूमा शिक्षक र कर्मचारीको व्यवस्थापन र तलब भत्ता, भौतिक पूर्वाधार, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षक तालिमका लागि आवश्यक बजेट केन्द्र सरकार बाट स्थानीय तहमा आउन थालेको छ ।

विद्यालयहरू खोल्ने, ठाउँ सारी गर्ने, बन्द गर्ने, समायोजन गर्ने, स्तरोन्नति गर्ने, आवश्यक ऐन कानुनहरू तर्जुमा गर्ने, शिक्षकहरूको दरबन्दी मिलान गर्ने, स्थानीय पाठ्यक्रम तयार गर्ने, परीक्षा संचालन गर्ने, विद्यालयहरूलाई आवश्यक निर्देशन दिने, अनुगमन, मूल्याङ्कन, सुझाव र नियमन गर्ने जस्ता कार्यहरू स्थानीय सरकारबाट नियमितरूपमा भइरहेको छ ।

**बढ्दो असन्तुष्टि र नैराश्य**

संघीयता लागु भएर विद्यालय शिक्षा स्थानीय सरकार मातहत आए पनि संघीय र स्थानीय सरकार दुवैका लागि शिक्षक व्यवस्थापन 'फलामको च्युरा' जस्तै भएको छ ।स्थायी, अस्थायी, राहत, पीसीएफ, निजी स्रोत, स्वयम् सेवक, नगर शिक्षक आदि जस्ता थरीथरीका शिक्षक एउटै विद्यालयमा कार्यरत छन् ।एउटै विद्यालयमा थरीथरीका शिक्षकहरू भएपछि उनीहरूको सेवा सुविधामा भिन्नता हुनै नै भयो । त्यसले गर्दा एउटै विद्यालयका एकै तहका शिक्षकहरूमा समेत तलब र अन्य सेवा सुविधाहरूको विषयमा व्यापक असन्तुष्टि र नैराश्य छ । यसको प्रत्यक्ष मारमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरू पर्छन् र दीर्घकालमा यो विद्यालय शिक्षाको गुणस्तरमा ठूलो चुनौती बन्नेछ ।

सरकारले सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकका योग्यता आधारभूत तहका लागि स्नातक र माध्यमिक तहको लागि स्नातकोत्तर हुनुपर्ने प्रस्ताव गरेको छ । तर, हाल माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकको योग्यता स्नातक, निम्न माध्यमिक तहमा प्रवीणता प्रमाणपत्र तह (हाल दश जोड दुई) र प्राथमिक तहमा एसएलसी छ । संविधान लागु भएको १० वर्ष हुन लाग्दा समेत संघीय शिक्षा ऐन हालसम्म पारित हुनसकेको छैन । फलस्वरूप तीनै तहको सरकारबीच अधिकारका बाँडफाँट हुनसकेको छैन । उक्त ऐन जारी भइसकेपछि विद्यालय शिक्षकको नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित स्थानीय तहले गर्ने र विद्यालय शिक्षकको सरुवा, काज, बढुवा वा विभागीय कारबाही प्रदेश कानुनबमोजिम हुने व्यवस्था हालसम्म कार्यान्वयन हुन सकेको छैन । संविधानले विद्यालय शिक्षा स्थानीय सरकार मातहत संचालन हुने स्पष्ट व्यवस्था गरेको छ । तर जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभाग रहने कि नरहने जस्ता विवाद कायमै छ । स्थानीय तहका दुईवटा निर्वाचन भइसक्दा पनि सरकारी विद्यालय व्यवस्थापन समितिमा कानुनी छिद्रहरू प्रयोग गरी वास्तविक अभिभावकभन्दा राजनीतिक पार्टीका व्यक्तिहरूको प्रभुत्व हुने प्रवृत्ति बढ्दो छ ।

वडा अध्यक्षहरू विद्यालय व्यवस्थापन समितिमा पदेन सदस्य बन्नपुगेका छन् भने राजनीतिक पार्टीहरूबाट निर्वाचित जनप्रतिनिधिको हातमा विद्यालयको व्यवस्थापन पुगेको छ । जनप्रतिनिधिहरूको चाहनामा शिक्षकको नियुक्ति, सरुवा, बढुवा र आवश्यक परेमा बर्खास्तसम्म विषय पर्छन् । उता शिक्षक र तिनका पेसागत संघ संगठन यसको विरोधमा छन् । सँगसँगै जनप्रतिनिधिहरू आफूलाई व्यवस्थापकीय भूमिकामा देख्छन् भने शिक्षकहरूमा जनप्रतिनिधिहरूलाई कम शैक्षिक योग्यता भएको, दोयम र न्यून दर्जाको ठान्ने प्रवृत्ति छ ।

सामुदायिक विद्यालयहरूमा राजनीतिक पक्षधरता लगभग थाहा हुने हुँदा जनप्रतिनिधि र शिक्षकविपरीत राजनीतिक विचारधाराका भएको खण्डमा उनीहरूबीच विचारको द्वन्द्व र असन्तुष्टिले पठनपाठनमा गम्भीर समस्या खडा गरेको छ । अधिकांश विद्यालयहरूमा यस्तो द्वन्द्व र असन्तुष्टि सुषूप्तरूपमा भए पनि केही विद्यालयहरूमा छताछुल्ल भएका छन् । सामुदायिक शिक्षाको विकासमा सरकारको न्यून लगानी पनि चुनौतीको विषय बनेको छ ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटलाई हेर्दा शिक्षामा कुल बजेटको १०.०९ प्रतिशत छ भने जुन अघिल्लो वर्षको भन्दा १.१७ प्रतिशत कम हो । त्यसभन्दा अघिल्ला आर्थिक वर्षहरूमा समेत शिक्षाको बजेट त्यही १० प्रतिशत हाराहारीमा मात्र छ । यद्यपि, 'उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन, २०७५' ले सार्वजनिक शिक्षा सुधार गर्न अहिले भइरहेको लगानीलाई दोब्बर बनाउनुपर्ने सुझाव दिएको थियो ।

*(साभार: बाह्रखरी)*

# भूतपूर्व विद्यार्थीले सम्झिए आफ्ना शिक्षक, विद्यालय सुधारको पहल

प्रतिक्षा न्यौपाने

हेटौंडा, ७ साउन/गुरु पूर्णिमाको अवसर पारेर राक्सिराङ गाउँपालिका-४ मा रहेको कालिका माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक प्रेमबहादुर मुक्तानलाई ५१ हजार १५१ नगद रुपैयाँसहित सम्मान गरिएको छ ।

कालिका माविमा अध्ययन गरी विभिन्न क्षेत्रमा क्रियाशील रहेका भूतपूर्व विद्यार्थीले गुरुपूर्णिमाका दिन आफूहरुलाई अध्यापन गराउने शिक्षकलाई सम्झेर सम्मान गरेका हुन् । प्रेमबहादुर मुक्तानसँगै अर्का शिक्षक धनबहादुर स्याङ्तानलाई पनि ११ हजार १ सय ११ रुपैयाँ नगदसहित सम्मानित गरिएको हो ।




उनीहरुले राक्सिराङको शिक्षाको विकासमा ठूलो योगदान पुऱ्याएको भन्दै कालिका मावि भूतपूर्व विद्यार्थी मञ्चले सम्मान गरेको हो । कार्यक्रममा मनोज मुक्तानको अध्यक्षतामा कालिका मावि भूतपूर्व विद्यार्थी मञ्च गठन गरिएको छ । कालिका माविको शैक्षिक अबस्था नाजुक भएकोप्रति सरोकारवालाले चिन्ता ब्यक्त गर्दै सुधारको आह्वान गरेका छन् । गुरुपूर्णिमाका दिन विद्यालयमा अध्ययन गरेर विभिन्न स्थानमा पुगेका भूतपूर्व विद्यार्थीले मनहरीमा आयोजना गरेको सेवानिबृत्त शिक्षक सम्मान कार्यक्रममा सरोकार वालाले विद्यालय सुधारको लागि पहल गरेका छन् ।

कार्यक्रमका प्रमुखअतिथि रहेका शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख दिनानाथ गौतमले भने, 'म दुईपटक कालिका मावि आफै पुगेँ । साँच्चै भन्ने हो भने अहिले कालिका मावि कोमामा छ, यसलाई कोमाबाट निकालेर सही बाटोमा ल्याउनु आजको आवश्यकता हो ।,' उनले कालिका माविको यस वर्षको एसइइ परीक्षाको नतिजा शून्य रहेको भन्दै कालिका माविजस्तै जिल्लाका १६ विद्यालय निल भएकोमा चिन्ता व्यक्त गरे ।

विद्यालय सुधारका लागि स्थानीय तहले पनि अलि बढी ध्यान दिनुपर्ने भन्दै संघीय सरकारको तर्फबाट गर्नुपर्ने सबै काममा आफूहरुको ध्यान रहने उनको भनाई थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सबै मिलेर विद्यालय सुधारका लागि ध्यान दिनुपर्ने बागमती प्रदेशका निवर्तमान सांसद एवम् माओवादी केन्द्रका नेता ओमबहादुर ग्लानको भनाइ थियो । आफूले कालिका माविमा नपढेपनि आफ्नै वडाको विद्यालय भएका नाताले विद्यालयप्रति गर्नुपर्ने सहयोग र समन्वयमा कमी भएकोमा आफैंलाई आत्मग्लानी भइरहेको उनले सुनाए ।

राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले उपाध्यक्षकै घर अगाडिको विद्यालय बर्बाद भयो भनेर दुनियाँले भनिरहँदा आफूलाई असजिलो भएको बताए । तर, आफू फरक विचार बोकेको र बिद्रोही धारको राजनीतिमा लागेकै कारण विद्यालयले सरकारी लगानी प्राप्त गर्न नसकेको उनको आरोप थियो । ४ नम्बर वडाध्यक्ष सञ्जय कोइरालाले विद्यालयको अबस्था नाजुक भइरहेकाले आफैं व्यवस्थापन समितिको अध्यक्ष बसी केही न केही भरथेग गरेर जिम्मेवारी हस्तान्तरण गरिएको बताउँदै आगामी दिनमा भूतपूर्व विद्यार्थीको समेत सल्लाह र सुझावमा विद्यालय सुधार गरिने बताए ।

# नेविसंघ वनविज्ञानद्वारा विद्यार्थीलाई स्वागत तथा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/नेपाल विद्यार्थी संघ बनविज्ञान संकायद्वारा फरेष्ट्री पढ्न आएका नयाँ तथा पुराना विद्यार्थीलाई क्याम्पसभित्र स्वागत, सम्मानसहित सांस्कृतिक कार्यक्रम गरेको छ ।

नेविसंघ वनविज्ञान संकायका सभापति ऋषिराम रेग्मीको सभाध्यक्षता तथा काग्रेस बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा सोमबार वनविज्ञान संकायमा विएस्सी फरेष्ट्री पढ्न आएका प्रथम वर्ष २०८०/८४ ब्याजका विद्यार्थीलाई प्रमाणपत्रसहित स्वागत तथा पुराना २०७६/८० ब्याजका विद्यार्थीलाई सम्मान गरिएको हो ।




कार्यक्रममा कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, बागमती प्रदेशसभा सदस्य मिनकृष्ण महर्जन, नेपाल तरुण दल केन्द्रीय सदस्य राजेश भेटवाल, जिल्ला सदस्य राजु खतिवडा, नेविसंघ जिल्ला सचिव आशिष बास्तोला, वनविज्ञान अध्ययन संस्थान फरेष्ट्री क्याम्पसका सहायक क्याम्पसप्रमुख राजेश सिग्देल, स्ववियु सभापति दीपेन्द्र कंडेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

वनविज्ञान संकायका विद्यार्थीले सांस्कृतिक प्रस्तुतीसहितको कार्यक्रममा नेविसंघमा लामो समय योगदान गर्ने कांग्रेसका जिल्लास्तरीय नेता, वनविज्ञान अध्ययन संस्थानमा प्राध्यापन गराउने प्राध्यापक, तरुण, विद्यार्थी नेतालाई सम्मानपत्र प्रदान गरिएको थियो ।

त्यस्तै, ४२ औं वीपी स्मृति दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिका१३ वनस्पतिस्थित टासी छोईलिङ गुम्बामा सोमबार बृक्षरोपण गरिएको छ । गुम्बाकी अध्यक्ष लक्ष्मी थिङको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा ४२ औं वीपी स्मृति दिवसको अवसर पारेर बृक्षरोपण गरिएको हो ।

कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, कांग्रेस बागमती प्रदेश सदस्य चम्फुरत्न लामा, कांग्रेस जिल्ला अनुशासन समिति संयोजक प्रभातकुमार दाहाल, कांग्रेस प्रदेश क्षेत्रीयसभापति एवम् हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँ, कांग्रेस जिल्ला सदस्यहरु नवराज खतिवडा, धिरेन लामा, नवराज वाईबा लगायतले मन्तव्य ब्यक्त गरेका थिए । बृक्षरोपणमा एभोकाडो, कागती, अमला, बेललगायतका विभिन्न ५ सय विरुवा रोपिएको थियो ।

# छिमेकी भारतबाट लाभ लिन नसकेको नेपाली क्रिकेट

काठमाडौं/गत पुसमा भारतीय विदेशमन्त्री एस जयशंकर नेपाल भ्रमणमा आएका बेला नेपाल क्रिकेट संघ (क्यान) का पदाधिकारी र केही क्रिकेट खेलाडीलाई भेटेका थिए । उक्त भेटवार्तामा उनले क्रिकेटमा नेपालको तत्कालीन र दीर्घकालीन मागबारे जिज्ञासा राखेका थिए । त्यसपछि क्यानका अध्यक्ष चतुरबहादुरले भारत पुगेर आधिकारिक रुपमै आफ्नो मागहरु राखेका थिए । सन् २०१८ मा नेपाल भ्रमणमा आउदा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले क्रिकेटले दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउने बताएका थिए ।

'अब नेपाल पनि आईपीएलमा जोडिएको छ । नेपालका एक नौजवान खेलाडी सन्दीप लामिछाने आईपीएललमा भाग लिइरहेका छन् । म आशा गर्छु आउने समयमा हाम्रो जनताबीचको सम्बन्ध मजबुत हुनेछ', मोदीले भनेका थिए । राजनीतिक तहबाट देखाइने बेलामौकामा चासो देखाइए पनि नेपालले क्रिकेटको विश्वशक्ति भारतबाट धेरै लाभ लिन सकेको छैन ।

भारत विश्व क्रिकेटको एक शक्तिशाली हो । विश्व क्रिकेटमा आफ्नो दबदबा राख्दै आएको छ । काठमाडौंबाट भारतको राजधानी दिल्ली ११९०.५ किलोमिटर मात्रै टाढा छ । हवाइ यात्रामा डेढ घण्टामा पुग्न सकिन्छ । तर भारतीय क्रिकेटबाट नेपालले लिनुपर्ने लाभको दूरी अन्तर हजारौं माइल टाढा छ ।

नेपालका अधिकांश खेलाडीहरु भारतमा पुगेर अभ्यास गर्ने गर्छन् । नेपाली क्रिकेट टोलीका सदस्य सोमपाल कामी र करण केसीको बाल्यकाल भारतमै क्रिकेट खेलेर बितेको हो । ओडीआई टिमका खेलाडी देव खनाल र यु-१९ टिमका अर्जुन कुमाल पनि भारतमै मै हुर्किएका हुन् ।

गुलशन झा भारतमा लामो समय प्रशिक्षण गरेर नेपाल फर्किएका थिए । अघिल्लो वर्ष भारतमा अभ्यास गरेर फर्केपछि अनिल शाहले राम्रो पूनरागमन गरे । नेपालको समयमा खेल नहुँदा र सिनियर टोलीबाट बाहिर हुँदा अधिकांश खेलाडी भारतका विभिन्न शहरका एकेडेमीमा पुगेर अभ्यास गर्ने गर्छन् ।

नेपालको २०२७ सम्म एसोसिएटमा शीर्ष स्थानमा रहने लक्ष्य छ । त्यसको लागि नेपालले वर्तमान नम्बर वान नेदरल्यान्ड्स र स्कटल्यान्डलाई पछि पार्नुपर्ने हुन्छ । नेदरल्यान्ड्स शीर्ष स्थानमा रहनुको कारण इंग्ल्यान्ड र दक्षिण अफ्रिकाबाट भरपूर्ण फाइदा उठाउनु हो ।

अमेरिकाले विश्वभरका खेलाडी बटुल्दा यूएई र ओमानले भारत र पाकिस्तानबाट टोली निर्माण गर्छ । एसोसिएटमा स्कटल्यान्ड, नेदरल्यान्ड्स र नामिबियाले छिमेकी टोली इंग्ल्यान्ड र दक्षिण अफ्रिका भरपूर्ण फाइदा उठाउँदै आफूलाई मजबुत बनाउदै लगेका छन् ।

नेपाल पनि बलियो टोली बन्न छिमेकी टोलीहरुको भर पुर फाइदा उठाउनुपर्छ । भौगोलिक दुरी, क्रिकेट संस्कृति, खर्च र भाषा सबै हिसाबले भारतबाट नेपालले लाभ लिनुपर्ने हो ।

नेपालले भारतमा नियमित प्रशिक्षण, बलिया टोलीसँग निरन्तर अभ्यास, स्तरीय क्रिकेट मैदानमा खेल प्रदर्शन, फिटनेस ट्रेनिङ, विश्वस्तरीय प्रशिक्षकहरुसँग अभ्यास र चोटपछिको उपचार गर्नसक्छ । तर नेपालले जति लाभ लिनुपर्ने हो त्यो लिन सकेको छैन । कहिले काही प्रशिक्षण र अभ्यास खेलमा सीमित छ ।

अघिल्लो हप्ता मात्रै क्यानका सचिव पारस खड्का भारत भ्रमणबाट फर्केका थिए । भारतले नेपाललाई मौखिक रुपमा सहयोग गर्छु भने पनि आधिकारिक अघि बढ्न सकेको छैन ।

'हामीलाई चाहिने एक्स्पोजर बीसीसीआईको मार्फत दिन्छौं भनेर उहाँहरुले मौखिक रुपमा भनी सक्नुभएको छ । अब कागजी रुपमा सम्झौता गरेर कार्यान्वयन गर्न बाँकी हो । आशा गरौं आगामी दुई महिनामा देखिने गरी भ्रमण र अभ्यास देखाउनुपर्नेछ । आधिकारिक रुपमा सम्झौता भएपछि हामी बाहिर सार्वजनिक गर्छौं', उनले भने ।

भारतीय स्तरीय खेलाडीसँग सिक्न पाउदा खेलाडीको क्षमतासँगै मनोबल उच्च हुन्छ । भारतमा ८२ अन्तर्राष्ट्रिय क्रिकेट मैदान छन् । त्रिवि मैदानजस्ता खेलमैदान त कति छन् कति । ती मैदानमा अभ्यासको लागि प्रशिक्षकदेखि प्रशिक्षण सामग्री उच्चस्तरका छन् ।

आईपीएलएको फ्रेन्चाइज टोली लखनउको घरेलु मैदान एककाना काठमाडौंबाट ६३८ किलोमिटर टाढा मात्रै छ । अर्कोतर्फ नेपालले भारतको प्रदेशस्तरका टोलीहरुसँग नियमित अभ्यास खेल खेल्न सक्छ । नेपाल गत अप्रिलमा बरोडा र गुजरात क्रिकेट बोर्डको समन्वयमा साई मेघापन स्पोर्ट्सलाइफ ग्राउण्डमा त्रिकोणात्मक टी-२० सिरिज खेलेको थियो । उक्त ग्राउण्ड नेपाली टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाईको लगानी भएको एकेडेमी थियो ।

भारतको ए, बी वा सी डिभिजनका टोलीसँग नियमित अभ्यास गर्दा पनि नेपालले एसोसिएटमा भन्दा बढी बलिया टोली पाउन सक्छ । आईपीएल फ्रेन्चाइजले अफगानिस्तानका खेलाडीहरुलाई महत्वमा राख्दै आएका छन् । गत वर्ष एसिया कपमा नेपाल भारतसँग २३० रनमा अल आउट हुँदै राम्रो ब्याटिङ गरेको थियो । भारतको बलिङ सामु गरेको प्रदर्शनले प्रशंसा पाएको थियो ।

नेपालले भारतसँग पूर्वाधार (मैदान) एक्स्पोजर, नियमित अभ्यास, घाइते खेलाडीलाई भारतको नेशनल क्रिकेट एकेडेमीमा उपचार र प्रशिक्षण, नेपाल ए र यू-१९ टोलीलाई अभ्यास लगायत माग गरेको छ । भारतको घरेलु प्रतियोगिता रणजी ट्रफी खेल्ने टिम, त्यहाँका प्रदेशस्तरका प्रतियोगिता र आईपीएल टोलीसँग खेल्ने अवसर पाउन सके राम्रो हुने क्यानका सचिव पारस खड्का बताउँछन् ।

'हामीलाई अहिले चाहिने एक्स्पोजर भनेको फरक कन्डिसनमा राम्रो टोलीसँग खेल्ने हो । चाहे त्यो भारत, अष्ट्रेलिया वा पाकिस्तान होस् श्रीलंका होस् । भारत नजिक हुँदा चाँडो होस् भन्ने सपना छ', उनले भने ।

इंग्ल्यान्डको काउन्ट्री जस्तो रणजीमा विदेशी खेलाडी हुँदैनन् । त्यहाँ भारतका ३८ टोलीहरुले प्रतिस्पर्धा गर्ने गर्छन् । कतिपय समर्थकले रणजी ट्रफीमा नेपालले भाग लिने वातावरण बनाउनुपर्ने पनि धारणा राखेका छन् । तर क्यानका सचिव पारस भने रणजी ट्रफी भारतको घरेलु प्रतियोगिता भएकाले नेपाल सहभागी हुन नमिल्ने बरु रणजी ट्रफी खेल्ने टिमलाई नेपालमै बोलाउन सकिने बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वैशाख र जेठमा बढेको ईभी आयात असारमा घट्यो

काठमाडौं/बजेट अगाडि वैशाख र जेठमा ठूलो संख्यामा आयात भएको विद्युतीय गाडी (ईभी) असारमा भने घटेको छ । सरकारले गत १५ जेठमा ल्याएको बजेट मार्फत विद्युतीय गाडी (ईभी) मा लाग्ने कर बढाएको छ ।

आर्थिक विधेयक मार्फत इन्ट्री लेभलदेखि सबै गाडीमा भन्सार र अन्त:शुल्क गरेर सरकारले १० प्रतिशत कर बढाएको छ । कर बढाउनु अगाडि वैशाखमा र जेठको दोस्रो सातासम्म ठूलो परिमाणमा विद्युतीय गाडीको आयात देखिए पनि घटेको भन्सार विभागको तथ्यांकले दखाएको छ । जेठमा मात्रै करिब ३ हजार युनिट आयात भएको थियो । तर, असारमा भने २ सय ६६ युनिट मात्रै विद्युतीय गाडी आयात भएको भन्सार विभागले जनाएको छ ।

भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा कुल ११ हजार ७ सय १ युनिट ईभी (कार, जिप, भ्यान) भित्रिएका छन् । जसमध्ये असारमा २ सय ३५ युनिट भित्रिएको हो । गत वैशाखसम्म ८ हजार ४ सय ९७ युनिट ईभी आयात भएकोमा जेठमा मात्रै २ हजार ९ सय ६९ युनिट विद्युतीय गाडी आयात भएको थियो । वैशाखमा १ हजार ४ सय ४ युनिट ईभी आयात भएको थियो । वैशाख र जेठमा मात्रै करिब साढे ४ हजार युनिट ईभी आयात भएकोमा असारमा भने २ सय ३५ मा मात्रै सीमित भएको हो । बजेटमा कर बढाउन अगाडि नै ईभी आयात गरेको व्यवसायीले स्टक क्लियरेन्स गर्नुपर्ने हुँदा असारमा आयात घटाएका हुन् ।

सरकारले गत वर्ष १५ जेठ २०८० मा ल्याएको आर्थिक विधेयक मार्फत पनि इन्ट्री लेभलका गाडीको कर बढाएको थियो । उक्त आर्थिक विधेयक मार्फत ५० किलोवाटसम्मका सवारीमा १० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था गरेको थियो । ५० देखि १ सय किलोवाटसम्मका ईभीका हकमा १० प्रतिशतबाट बढाएर भन्सार महसुल १५ प्रतिशत पुऱ्याइएको थियो । सोही रेन्जको गाडीमा गत वर्षदेखि १० प्रतिशत अन्त:शुल्क पनि पुऱ्याएको थियो ।

१५ जेठ २०८१ मा आएको आर्थिक विधेयक मार्फत पनि ईभीमा कर बढेको छ । ५० किलोवाट र ५१ देखि १०० किलोवाट क्षमतामा भन्सार र अन्त:शुल्क ५/५ प्रतिशतले बढाएको छ । १०१ देखि २०० किलोवाटसम्म भन्सार यथावत् राखेर अन्त:शुल्क बढाएको हो । त्यसभन्दा माथि २०१ देखि ३०० किलोवाटसम्म भन्सार घटाएर अन्त:शुल्क बढाएको छ । ३०० किलोवाट भन्दा बढी क्षमतामा पनि भन्सार घटाउर अन्त:शुल्क बढाएको हो ।

**निर्माण व्यवसायी संघ मकवानपुरबाट जारी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा.वडा नं. ४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए बमोजिम ५ तले भवनको ड्रोइङ्ग/डिजाइन नक्सा इस्टिमेट एनलाईसिस सहित के कति दररेटमा गर्न सकिन्छ उक्त भवन नक्सा तयार गर्ने प्रयोजनका लागि सुचिकृत ईन्जिनियर/ईन्जिनियरिङ्ग कन्सलटेन्सीहरुले नक्सा पास कार्य गर्नका लागि घटि घटाउको आधारमा मुल्य खुलाई यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस संघको कार्यालयमा तपशिल बमोजिमको आवश्यक कागजातसहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता हुन आएका आवेदनहरुको मूल्याङ्कनको आधारमा स्वीकृत गर्ने नगर्ने अधिकार यस संघको कार्यसमितिको बैठकमा निहीत रहनेछ । म्याद नाघेर आएको कागजातहरु मान्य हुने छैन ।

**आवश्यक कागजातहरु**

१. फर्मको प्रोफाइल एक सेट ।
२. फर्म संञ्चालकको बायोडाटा, शैक्षिक योग्यताको प्रमाण पत्र ।
३. ईन्जिनियरको बायोडाटा शैक्षिक प्रमाण पत्र ।
४. फर्म दर्ताको प्रमाण पत्रहरु, कर चुक्ताको प्रमाण पत्र ।
५. नागरिकताको फोटो कपि-१
६. स्ट्रक्चर डिजाइनको लागि ईन्जिनियर भए ३ वर्ष भवनमा अनुभवी हुनुपर्ने ।
७. मुल्यसूचिको विवरण ।

**सम्पर्क**

कार्यालय फोन नं. : ०५७-५२०८१६
मोबाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव

**निर्माण व्यवसायी संघ मकवानपुर**

# पेट्रोलियम आयात : बढ्यो परिमाण, घट्यो मूल्य

काठमाडौं/नेपालमा एक वर्ष अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थ आयात भएको छ । यसमध्ये डिजेल सबैभन्दा अगाडि छ । देशभरि विद्युतीय सवारीसाधनको बढ्दो संख्यासँगै पेट्रोलियम पदार्थ खपत घट्ने अपेक्षा थियो । तर, तथ्यांकले भने मुलुक अझै पनि पेट्रोलियम पदार्थमै अधिक निर्भर रहेको देखाउँछ ।

गत आर्थिक वर्ष २०८०/८१ मा १४ लाख ११ हजार ४ सय ४० किलोलिटर बराबर डिजेल आयात भएको छ । २०७९/८० मा १४ लाख ८ हजार ४ सय ९४ किलोलिटर डिजेल आयात भएको थियो । तर, मूल्य भने घटेको छ ।

अघिल्लो आव २०७९/८० मा १ खर्ब ५३ अर्ब ७६ करोड रुपैयाँको डिजेल आयात भएकोमा यस वर्ष १ खर्ब ४३ अर्ब ९७ करोड बराबरको डिजेल आयात भएको छ । सोही प्रवृत्ति पेट्रोल र खाना पकाउने एलपी ग्यासमा समेत देखिएको छ ।

नेपाल आयल निगम प्रवक्ता मनोज ठाकुर अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा नेपालमा कम मूल्यमा धेरै आयात भएको बताउँछन् । तर, खपत भने नघटेको उनको भनाइ छ । 'नेपालमा तत्काल पेट्रोलियम पदार्थको आयात घट्ने अवस्था छैन, उनी भन्छन्, 'किनकि, अहिले निजी सवारीसाधनमा विद्युतीयको आयात बढेको देखिए पनि धेरै खपत हुने सार्वजनिक र ढुवानीका सवारी साधनमा डिजेल नै प्रयोग हुन्छ ।'

अर्कातर्फ, सरकारले मुलुकभित्र उत्पादित विद्युत् खपत भान्सामा बढाउन विभिन्न प्रयास गरिरहेको छ । तर, त्यसको नतिजा सकारात्मक देखिँदैन । एलपी ग्याँस आयात समेत परिमाणमा निरन्तर बढिरहेको छ । यसो हुनुमा दूरदराजसम्म दाउरा विस्थापित भई ग्यास पुग्नु मुख्य कारण रहेको निगमको आकलन छ ।

खासगरी सडक यातायात पहुँच विस्तारसँगै खाना पकाउने प्रयोजनमा दाउरा विस्थापित भई एलपी ग्याँस खपत बढिरहेको छ । त्यसको तुलनामा विद्युतीय चुलो उपयोगको गति बढ्न नसक्दा परिमाणमा अझै पनि विद्युतले ग्यास विस्थापित गर्न नसकेको पाइएको छ ।

तथ्यांक अनुसार २०७९/८० मा ६ लाख ८० हजार ८ सय ७ किलोलिटर पेट्रोल आयात गर्न ६६ अर्ब ८४ करोड ४८ लाख रुपैयाँ विदेशिएको थियो ।

२०८०/८१ मा भने ६ लाख ८७ हजार ९ सय ३१ किलोलिटर पेट्रोल आयात भएको छ । यसका लागि ६८ अर्ब ८४ करोड विदेशिएको छ ।

उता, खाना पकाउने ग्यासमा २०७९/८० मा ५१ करोड ४३ लाख ४० हजार किलो आयात हुँदा ५८ अर्ब १५ करोड विदेशिएको छ । २०८०/८१ मा भने ५२ करोड ४२ लाख किलो एलपी ग्यास आयात हुँदा ५५ अर्ब ६१ करोडमात्र विदेशिएको तथ्यांकले देखाएको छ ।

सरकारले विद्युत् खपत घटाउन भन्दै विद्युतीय सवारीसाधन आयातमा भारी कर छुट दिइरहेको छ । यसले विद्युतीय सवारीसाधन आयातको मात्रा बढाएर पनि पेट्रोलियम पदार्थको विस्थापन भने नगरेको पाइएको छ ।

अर्कातर्फ, उद्योगहरूमा अघोषित लोडसेडिङको अवस्थाले भने यस वर्ष डिजेल खपत कम नभएको अनुमान गरिएको छ । हिँउदमा विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रमा माग अनुसार बिजुली दिन सकिरहेको छैन । जसले गर्दा डिजेल प्लान्ट चलाउनुपर्ने बाध्यता छ ।

निर्माण क्षेत्रमा खटिने र ढुवानीमा प्रयोग हुने सबै सवारी साधन तथा उपकरणमा समेत डिजेलकै प्रयोग हुन्छ । सोहीकारण यसको खपत नघटेको आयल निगमको अनुमान छ ।

(स्रोत: अनलाइनखबर)

**हेटौंडा क्याम्पस**
हेटौंडा-४, मकवानपुर

**सूचीदर्ता गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०४।०८)

यस क्याम्पसका लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने निम्नलिखित अनुसारका मालसामान, सेवा, खरिद तथा मर्मत कार्यका लागि इजाजत प्राप्त फर्म, कम्पनी तथा सेवा प्रदायकहरुले दरखास्त फारामसाथ प्रचलित नियमानुसार मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (भ्याट/पान), फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रहरुको र आ.व.२०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी सूचीदर्ताको निमित्त छुट्टा छुट्टै सूची तयार गरी हेटौंडा क्याम्पस, हेटौंडामा क्याम्पस प्रशासन खुल्ने समय (बिहान ८:००-३:०० बजे)भित्र सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र आवेदन दर्ता गर्न आब्हान गरिन्छ । रीत नपुगी र म्याद नाघि आएका निवेदन उपर कुनै कारबाही हुने छैन ।

**दर्ता गर्नुपर्ने सूचीहरु** :

१) कार्यालय उपकरण :- कम्प्युटर, युपीएस, प्रिन्टर, फोटोकपी, टेलिफोन, फायर एक्सटिङगुइसर, ब्याट्रि, स्टेवीलाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य,
२) प्रिन्टर, फोटोकपी आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य,
३) फर्निचर तथा फर्निसिङ्ग सामानहरु आपूर्ति कार्य,
४) इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य,
५) भवन, फर्निचर, फर्निसिङ्ग सम्बन्धी मर्मत सम्भार कार्य,
६) इलेक्ट्रिक सामान आपूर्ति सम्बन्धी कार्यहरु,
७) खानेपानी धारा, टंकी आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु,
८) सि.सि. क्यामेरा, ए.सी. आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु,
९) शौचालयका सामान, सरसफाइ सम्बन्धी केमिकल तथा सामान सम्बन्धी कार्य,
१०) पाठ्यपुस्तक आपूर्ति, फोटोकपी पेपर, लेटर प्याड, खाम, उत्तरपुस्तिका छपाई तथा मसलन्द सम्बन्धी अन्यकार्यहरु,
११) स्टिल, फलाम तथा सोबाट बनेका सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु,
१२) उत्तर पुस्तिका, पाठ्यपुस्तक आपूर्ति गर्ने कार्यहरु ।

विस्तृत जानकारीको लागि
**हेटौंडा क्याम्पस**
हेटौंडा-४, मकवानपुर, ०५७-५२०९७४

# कृषिमन्त्री श्रेष्ठद्वारा कार्यकालमा भएका प्रगति सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकास मन्त्री डा.राजेन्द्रमान श्रेष्ठले आफ्नो १४ महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गरेका छन् ।

२०८० जेठ ७ गतेदेखि हालसम्मको अवधिमा मन्त्रालयबाट भएका मुख्य उपलब्धि र आगामी योजनाबारे उनले सोमबार पत्रकार भेटमा विस्तृत जानकारी दिएका हुन् । डा. श्रेष्ठले कार्यकालमा नीतिगत सुधार एवम् मन्त्रालयको कार्यसम्पादनमा वृद्धि र सुधार ल्याउने प्रयास गरेको बताए । उनका अनुसार प्रदेश कृषि विकाससम्बन्धि विधेयक, २०८० बारे प्रदेशसभाको विषयगत समितिमा छलफल भएको र ऐन निर्माण भए प्रदेश कृषि विकासमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रदेशमा माटोको गुणस्तरमा सुधार ल्याउन एवम् रासायनिक मलको समस्या समाधान गर्न 'एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र-एक प्रांगारिक मल कारखाना' स्थापना अभियान सुरु गरिएको उनले बताए । गत आर्थिक वर्षमा ७ जिल्लाका ७ पालिकामा यो कार्यक्रम लागू गरिएको र चालु वर्ष थप ७ कारखाना स्थापना गर्ने योजना रहेको जानकारी दिएका उनले कार्यक्रमले प्रदेशभर प्रांगारिक मल उत्पादनमा वृद्धि र किसानलाई गुणस्तरीय मल उपलब्ध गराउने लक्ष्य राखिएको बताए ।

मन्त्री श्रेष्ठले प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराउन सफल भएको बताए । योजनामा कृषिक्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमा जोड दिइएको छ । कृषि विकासका माध्यमबाट प्रदेशको समृद्धिमा सघाउ पुग्ने विश्वास लिइएको छ । उनले योजनामा किसानकेन्द्रित नीति र कार्यक्रम समावेश गरिएको र यसले दीर्घकालीन रुपमा प्रदेशको कृषिक्षेत्र रुपान्तरण गर्ने आशा व्यक्त गरेका छन् । उनले मन्त्रालय र मातहत कार्यालयको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनका लागि २१ वटा नयाँ तथा ३ वटा पुराना कार्यविधि संशोधन स्वीकृत गरिएको जानकारी दिए ।

मन्त्रालयअन्तर्गत् सबै ३६ कार्यालय अनुगमन र निरीक्षण गरी आवश्यक सुझाव प्रदान गरिएको र सुशासन तथा कार्यसम्पादनमा



सुधार गर्न निर्देशन दिइएको बताए । यस कदमले प्रदेशको कृषि प्रशासनमा पारदर्शिता र जवाफदेहिता बढाउने उनको विश्वास छ । कार्यक्रमगत् उपलब्धिमा डा. श्रेष्ठले लम्पीस्किन डिजिज नियन्त्रणका लागि १ हप्ते अभियान चलाइ ४८ हजार ३ सय ६४ गाईमा नि:शुल्क खोप लगाइएको, प्राकृतिक र गैरप्राकृतिक विपद्बाट प्रभावित किसानलाई राहत प्रदान गरिएको, र भेडाबाखामा लाग्ने पीपीआर रोग नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिएको उल्लेख गरे । यी कार्यक्रमले प्रदेशको पशुपालन क्षेत्रमा ठूलो राहत र सुधार ल्याएको उनको दाबी छ ।

उनले प्रदेशका ८ जिल्लाका १० स्थानमा शीतभण्डारको निर्माण ८६ प्रतिशत् सम्पन्न भएको भन्दै ती शीतभण्डारले करिब १५ हजार ८ सय मेट्रिकटन फलफूल तथा तरकारी भण्डारण गर्नसक्ने क्षमता राख्ने उल्लेख गरे । 'यसले किसानको उत्पादन लामो समयसम्म सुरक्षित राख्न र बजार मूल्यअनुसार बेच्न मद्दत गर्नेछ,' उनले भने ।

चालु आर्थिक वर्ष २०८१/८२ का लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयको कुल बजेट ३ अर्ब ३९ करोड ३४ लाख २० हजार प्रस्ताव गरिएको जानकारी दिँदै उनले यसबाट प्रदेशको कृषिक्षेत्रले ठूलो फड्को मार्ने विश्वास व्यक्त गरे । बजेटमा समुदायमा आधारित 'एक वडा-एक कृषि उत्पादन' कार्यक्रम, प्रांगारिक मल कारखाना स्थापना, कृषि ऋणमा सहुलियत व्याज अनुदान र पशुरोग नियन्त्रण, खोप अभियान जस्ता महत्वपूर्ण कार्यक्रम समावेश छन् ।

डा. श्रेष्ठले कार्यकालमा चीनको चियाङ्सी प्रान्तसँग कृषि, शिक्षा र प्रविधि विकासको क्षेत्रमा सम्भावित सहकार्य र समन्वयका लागि पहल गरिएको उल्लेख गरे । यो सहकार्यले प्रदेशको कृषिक्षेत्रमा नयाँ प्रविधि र ज्ञान भित्राउने उनको अपेक्षा छ । मन्त्री श्रेष्ठले आगामी दिनमा पनि प्रदेशको कृषिक्षेत्र विकासमा आफू निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गरे । उनले भने, '१४ महिना छोटो कार्यकालमा हामीले धेरै महत्वपूर्ण काम गर्न सफल भयौं ।

यी कार्यक्रमले प्रदेशको कृषिक्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछन् भन्ने विश्वास छ । हामीले थालेका कार्यक्रमलाई निरन्तरता दिइयो भने प्रदेश कृषिक्षेत्रमा आत्मनिर्भर र समृद्ध बन्नेछ ।' केन्द्रदेखि प्रदेशसम्म सत्तासमीकरण परिवर्तनसँगै कामचलाउ मन्त्रीका रुपमा रहेका मन्त्री डा. श्रेष्ठले सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै आफ्नो १४ महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गरेका हुन् ।

# खेलाडी सम्मान तथा आर्थिक प्रतिवेदन प्रस्तुत

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ क्रियटिभ तेक्वान्दो एकेडेमीद्वारा आइतबार खेलाडी सम्मान तथा राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता, जिल्ला खेलकुद विकास समिति मकवानपुरको अध्यक्ष राजकुमार मोक्तान, खेलकुद विकास समिति हेटौंडा-१७ का संयोजक कृष्णबहादुर अधिकारीको विशेष आतिथ्यता रहेको थियो । जिल्ला खेलकुद विकास समिति मकवानपुरको कार्यालयप्रमुख माधव कोइराला, सदस्य मदन उप्रेती, राष्ट्रिय तेक्वान्दो संघ नेपालको केन्द्रीय सदस्य नारायणसिंह थिङको आतिथ्यता रहेको यस कार्यक्रम जिल्ला अध्यक्ष मदनकुमार श्रेष्ठको सभापतित्वमा भएको थियो ।

डोजाङ प्रमुख भोजराज पराजुलीले क्रियटिभ तेक्वान्दो एकेडेमीको प्रतिबेदन सहित मिति २०८० साल कात्तिक १७ र १८ गते भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आयव्यय प्रस्तुत गरे । आयतर्फ विभिन्न संघ संस्था र व्यक्ति विशेषको सहयोगमा ९ लाख २१ हजार ५ सय रुपैयाँ जम्मा भएको थियो भने खर्च ९ लाख ९४ हजार ४ सय ७५ रुपैयाँ भएको जानकारी दिइयो । नगरप्रमुख लामाले निर्माणाधीन कबर्ड हललाई बजेट विनियोजन गर्ने वक्तव्यसहित बंगलादेशको ढाकामा हुन लागेको पहिलो दक्षिण एशिया विद्यालय कम्ब्याट खेल २०२४ को लागि क्रियटिभ तेक्वान्दो एकेडेमीका ४ जना खेलाडीलाई एक लाख सहयोग गर्ने घोषणा गरिन् । कार्यक्रममा २०८० सालमा क्रियटिभ तेक्वान्दो एकेडेमीबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई मेडल प्राप्त गर्ने खेलाडी इच्छा विष्ट, आरुषी पराजुली, आदित्य ढकाल, रिवनी अधिकारी, आदित्य पराजुली र प्रिन्सब ढकाल, समृद्ध भण्डारी लगायतका खेलाडीलाई प्रमाणपत्र सहित सम्मान गरिएको थियो ।

हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...

Electric Van (EV)

विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा

हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी

**हाम्रो सुमो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)

९८४५४५७५०७, ९८५५०६८८७३

सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhababini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

*"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"*

*"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"*

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**

हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

**मो सगिम (समिन खान)** अध्यक्ष ९८११८८२२८६

**श्री रामसागर गुरागाई** प्रधानाध्यापक ९८५५०६०९३३

श्री राजाराम पोखरेल ९८४५४६३१८८

श्री संतिश आचार्य ९८४५०३०७८७

**श्री आधुनिक राष्ट्रिय मा.वि.** ०५७-५२०७६६

**साझाकुरा**
खोजी खोजी पढौं ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि

फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म

प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**

हेटौंडा-५, भैरवरोड

सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफ्ल छापाखाना